“कृषि, पर्यटन, पूर्वाधार र रोजगारी : समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी”

# चिङ्गाड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अवलचिङ्ग,सुर्खेत,कर्णाली प्रदेश, नेपाल

पत्र सं:२०८०/०८१
च.नं.:

मिति:२०८०/०९/०३

## सामाजिक सुरक्षा योजनामा सूचिकृत हुने सम्बन्धि सूचना !!!

प्रस्तुत विषयमा अनौपाचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९ बमोजिम **सामाजिक सुरक्षा कोष, बबरमहल काठमाडौं र चिङ्गाड गाउँपालिका, सुर्खेत** विच भएको सम्झौता अनुसार यस गाउँपालिकामा अनौपचारिक क्षेत्रका श्रमिकहरु (कृषि, यातायात, निर्माण, घरेलु) लाई सामाजिक सुरक्षा योजना कोषमा आवद्ध गर्नको लागि सूचिकृत हुनुपर्ने भएकोले आजको मितिले पन्ध्र (१५) दिन भित्र तपसिल कागजात सहित यस कार्यालयमा सूचिकृत हुन जानकारी लागि सूचित गराइन्छ ।

तपसिल:

१. नागरिकताको प्रतिलिपी ।
२. स्वरोजगार भएको वडाको सिफारिस ।
३. आफ्नो पक्षवाट कोषमा जम्मा गर्नुपर्ने रकम जम्मा गर्न सक्ने सुनिश्चिता सहितको निवेदन ।

२०८०/०९/०३

समिक्षा सोमै
प्रमुख प्रशासकीय अधिकृत

समिक्षा
प्रमुख प्रशासकीय अधिकृत

सामाजिक सुरक्षा कोष र ....चिङ्गाड.... नगरपालिका/ गाउँपालिका बीच अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगार व्यक्तिको सामाजिक सुरक्षा योजना सञ्चालनका लागि गरिएको सम्झौता

जिल्ला काठमाडौं, बबरमहल स्थित सामाजिक सुरक्षा कोष (यस पछि "प्रथम पक्ष" भनिएको) को अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९( यस पछि "अनौपचारिक र स्वरोजगार क्षेत्रको कार्यविधि" भनिएको) अन्तर्गतका श्रमिक र स्वरोजगार व्यक्तिहरूलाई कोषमा आवद्ध गर्ने, निजहरूको योगदान रकम संकलन गर्ने र ऐन, नियमावली र कार्यविधि बमोजिम सरकारको तर्फबाट सह योगदान गर्ने सम्वन्धमा प्रथम पक्ष र ....कर्णाली.... *प्रदेश,* ....सुर्खेत.... *जिल्ला* ....चिङ्गाड.... *नगरपालिका/गाउँपालिका* (यस पछि "दोस्रो पक्ष" भनिएको) बीच अनौपचारिक र स्वरोजगार क्षेत्रको कार्यविधि बमोजिम दुवै पक्षबाट निम्न अनुसारको कार्य गर्न गराउन दुवै पक्षको मन्जुरी भएकोले आज *मिति* ..२०८०/०६/०२ मा यो सम्झौता सम्पन्न गरिएको छ ।

१. पालिकाको तर्फबाट निम्नानुसारको कार्य गर्ने:

१.१ गाउँपालिका भित्र अनौपचारिक/स्वरोजगार क्षेत्रमा कार्य गर्ने व्यक्तिलाई प्रथम पक्षको अनलाइन प्रणालीमा आवद्ध गर्ने वा आवश्यकता अनुसार प्रणालीबाट हटाउने।

१.२ गाउँपालिकामार्फत आवद्ध श्रमिकको तर्फबाट कोषमा जम्मा गर्नु पर्ने योगदान वापतको रकम सम्बन्धित श्रमिकबाट कट्टा गर्ने।

१.३ अनौपचारिक क्षेत्रमा कार्य गर्ने श्रमिकको हकमा प्रति श्रमिक नेपाल सरकारले औद्योगिक क्षेत्रका लागि तोकेको न्यूनतम आधारभूत पारिश्रमिकको ९.३७ प्रतिशत बराबरको रकम थप गरी कोषमा जम्मा गरिदिने।

१.४ बुँदा नं. १.२ र १.३ बमोजिमको रकम मासिक रुपमा वा अग्रिम रुपमा त्रैमासिक/ अर्धवार्षिक/वार्षिक कोषको खातामा अनलाइन प्रणाली मार्फत जम्मा गर्ने।

१.५ योगदानकर्ताहरूको दावी पेश गर्नका लागि आवश्यक सहयोग गर्ने।

१.६ सामाजिक सुरक्षा योजना सञ्चालनका लागि एक जना सम्पर्क व्यक्ति तोक्ने।

२. सामाजिक सुरक्षा कोषको तर्फबाट निम्नानुसारको कार्य गर्ने:

२.१ गाउँपालिका क्षेत्र भित्र रहेका अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरूको सूचीकरण, योगदान रकम जम्मा र अनलाइन प्रणालीबाट हटाउने लगायतका कार्य गर्नका लागि दोश्रो पक्षलाई कोषको प्रणालीको यूजर आईडी र पासवर्ड प्रदान गर्ने।

२.२ कोषमा आवद्ध भई नियमित योगदान गर्ने योगदानकर्तालाई अनौपचारिक र स्वरोजगार क्षेत्रको कार्यविधि बमोजिमको सुविधा भुक्तानी गर्ने।

२.३ सामाजिक सुरक्षा योजना र सुविधाहरूका सम्बन्धमा आवश्यक सचेतना कार्यक्रम गर्ने।

सम्झौतामा उल्लिखित विषयबाहेकको अन्य विषय दुवै पक्षको आपसी सहमतिमा तय गरिने छ।

| प्रथम पक्षको तर्फबाट अधिकार प्राप्त | दोस्रो पक्षको तर्फबाट अधिकार प्राप्त |
|---|---|
| नामः उत्तम राज नेपाल | नामः वेद्या विक्रम जि.सि. |
| पदः निर्देशक | पदः अध्यक्ष |
| दस्तखतः | दस्तखतः |
| | प्रदेश/पालिकाः चिङ्गाड गाउँपालिका |
| मितिः २०८०/०९/०२ | मितिः २०८०/०९/०२ |
| रोहबरः | रोहबरः |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |